# नगरपालिकामा प्रशिक्षार्थी (Program Fellow)को आवेदनका लागि सूचना

**१. कार्यक्रमको परिचय :** अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र द एशिया फाउण्डेशनको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रम संचालन भइरहेको छ। यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरुलाई निरन्तरता दिदै दीगो, प्रभावकारी र समावेशी संघीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ। यस कार्यक्रमको मूलभुत उद्देश्य स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहमा सुदृढीकरणका लागि प्राविधीक सहयोग उपलब्ध गराईस्थानीय जनस्वास्थ्य प्रणालीको सुदृढीकरण, आर्थिक पुनरुत्थान र सरकारबाट प्रवाह हुने सेवाको सुधारमा सहजीकरण गर्नुका साथै नेपालमा सवल, प्रभावकारी र समावेशी स्थानीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न योगदान पुऱ्याउनु रहेको छ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यको रुपमा लैंगिक समानता, सामाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति विपन्न र सीमान्तकृत समुदायको बृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ। उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकाहरुसँगको समन्वयमा तत् तत् नगरपालिकामा ***स्थानीय सरकार सबलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएकोछ। यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट साझेदार नगरपालिकाका काममा संलग्न भई सिक्ने, नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ।

**२. प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह :**

| क.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी प्रदेश | झापा | दमक नगरपालिका |
| ३ | बागमती प्रदेश | दोलखा | भीमेश्वर नगरपालिका |
| ४ | लुम्बिनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका |
| ५ | कर्णाली प्रदेश | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका |

**३. आवश्यक प्रशिक्षार्थी संख्या :** प्रत्येक नगरपालिकाका लागि १।१ जना

**४. प्रशिक्षार्थीको कार्यस्थान :** प्रशिक्षार्थीलेसम्बन्धित नगरपालिकामा रही कार्य गर्नुपर्नेछ। सम्बन्धित नगरपालिकाले (फिल्ड संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहका कार्यक्रममा परिचालन गर्न सक्नेछ। द एसियाफाउण्डेशनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र बाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ।

**५. प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेवारीहरु :** प्रशिक्षार्थीको मुख्य भूमिकाहरु तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

१. सम्बन्धित नगरपालिका तथा द एशिया फाउण्डेसनबाट सेवा प्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्बन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यक्रममा सक्रियतापूर्व भाग लिने,

२. नगरपालिका र फाउण्डेशनबाट सञ्चालित कार्यक्रमको संक्षिप्त प्रतिवेदन रआवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण सहितको प्रतिवेदन तयार गरी पेश गर्ने।

३. नगरपालिका र फाउण्डेशनले तोकेका बिषयक्षेत्रमा संलग्न भई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने ।

**६. समन्वयमा रही कार्य गर्नेः** प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र द एशिया फाउण्डेशनका कर्मचारी तथा फिल्ड संयोजकको प्रत्यक्ष समन्वय, सहजीकरण र सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ

**७. प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधाः** प्रशिक्षार्थीलाई द एशिया फाउण्डेशनको नियमानुसार प्रशिक्षण अवधिभरको तोकिएको न्यूनतम सेवा सुविधा उपलब्ध हुनेछ ।

**८. प्रशिक्षार्थी कायम रहने अवधिः** प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी एक वर्षसम्म हुनेछ ।

**९. आवेदन शुल्क :** आवेदन दिँदा कुनै शूल्क लाग्नेछैन ।

**१०. आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यताः** स्नातक तह उत्तीर्ण भएको वा स्नातक तह अन्तिम बर्षको परीक्षा दिई परीक्षा नतिजा प्रकाशित नभएका व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन ।

**११. आवेदकको अनुभवः** आवेदन दिनका लागि कुनै काम गरेको अनुभव आवश्यक पर्ने छैन ।

**१२. आवेदन दिँदा इमेलसँगै पेश गर्नुपर्ने कागजातहरुः** आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

१. ***निवेदनः*** प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफु उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने बिषय समेत समेटीएको निवेदनपत्र र बायोडाटा

२. ***शैक्षिक प्रमाणपत्रः*** स्नातक उत्तीर्ण भएको शैक्षिक प्रमाणपत्र वा स्नातक तहको परीक्षामा संलग्न भएको खुल्ने प्रमाणपत्र

३. ***नागरिकता प्रमाणपत्रको प्रतिलिपी***

४. ***अपाङ्गता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्र,***

**१३. छनौट विधि :** आवेदकहरु मध्येबाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**१४. कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्नेछ ।**

*आवेदन पठाउने इमेल ठेगानाः* nepal.fellowship@asiafoundation.org

*१५. आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति :* २०८० साल असोज १४ गतेभित्र

*(नोटः सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुनेः* द एशिया फाउण्डेशन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा साझेदार नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति विपन्न तथा सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।)